# चौविसे गाउँपालिका

## गाउँ सभाको १३ औ अधिवेशन

## राजारानी, धनकुटा

### चौविसे गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

१. यस गरिमामय गाउँ सभाका अध्यक्षज्यू, गाउँ सभा सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु यस चौविसे गाउँपालिकाको गाउँ सभाको १३ औ अधिबेशनमा यस गाउँपालिकाको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।

२. चौविसे गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि यस सम्मानित गाउँ सभाको १३ औ अधिबेशनमा यस चौविसे गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई निकै भाग्यमानी एवम् गौरवान्वित भएको महसुस गरेको छु ।

३. सर्वप्रथम मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका खातिर विभिन्न चरणका आन्दोलनहरुमा शहादत भएका अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

४. नेपालको इतिहासको विकास क्रममा धेरै प्रकारका शासन व्यवस्थाको अभ्यास, अनुभव र सिकाइबाट हालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र त्यस मुताविकको राजनैतिक तथा प्रशासनिक व्यवस्था अनुरुप अघि बढ्ने क्रममा हामी स्थानीय तह चौविसे गाउँपालिकाको सुशासन, आर्थिक समृद्धि, न्यायपूर्ण समाज, लैङ्गिक समानता, समावेशीकरण, सन्तुलित र दिगो पूर्वाधार विकास सहित रचनात्मक सहयोग पुर्याउने आशा एवं विश्वासका साथ नयाँ नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

अव म यस गाउँपालिकाको विद्यमान अवस्थाको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**विद्यमान अवस्थाको समिक्षाः-**

१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको गठन भएको हुँदा कार्य सम्पादन प्रक्रियामा सहजता भएको छ।

२. जनप्रतिनिधिहरु निर्वाचित भएर आउँदा विकासले गति लिएको अनुभूति नागरिकले गर्न थालेका छन्।

३. विकासका दृष्टिकोणले अत्यन्त पछाडि रहेको यस चौविसे गाउँपालिकामा विकासका हरेक क्षेत्रका पुर्वाधारहरु निरन्तर बनिरहेका छन्।

४. योजना निर्माणमा स्थानीय आवश्यकता, राष्ट्रिय लक्ष्य र उद्देश्य अनुरुप प्राथमिकीकरण गर्ने प्रयास गरिएको छ।

५. भौतिक पुर्वाधार निर्माण, सडक सञ्जालको स्तरोन्नति गर्ने कार्य भइरहेको छ ।

६. गुणस्तरीय शिक्षाको विकासमा निकै ठूलो प्रयास भएको छ।

७. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा नागरिकलाई प्रदान गर्न सामुदायिक स्वास्थ्य इकाइ स्थापना तथा भवन निर्माण गरी सुलभ फार्मेसी सञ्चालन गरिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय**

अब म यस चौबिसे गाउँपालिकाको सम्भावना, अवसर तथा चुनौतिहरुलाई संक्षेपमा पेश गर्न चाहन्छु।

**संभावना तथा अवसरहरु :**

मनोरम प्राकृतिक स्थल, चिसो हावापानी एवं विछुट्टै राम्रा तराई, हिमालका दृश्यावलोकन गर्न सकिने स्थानहरु, सिमसार क्षेत्र तथा तालहरु रहेका विश्वकै पर्यटन व्यवसायीहरुलाई आकर्षण गर्न सक्ने अवस्था रहेको ।

१. यहाँको भौगोलिक विविधताको पर्याप्त अवसर रहेका कारण स्थान विशेषमा कृषि र पशुपालनका क्षेत्रमा विविधीकरण गरी आफ्नो क्षेत्रलाई थेग्न सक्ने उत्पादन तथा उत्पादकत्वको क्षमता रहेको छ।
२. पालिकाको उत्तर तर्फ तमोर करिडोर तथा मध्य खण्डमा भेडेटार-राजारानी-६ नं बुधबारे-रबि-राके राष्ट्रिय राजमार्गको निर्माण भइरहेको अबस्था साथै मोरङ्ग जिल्लाको केराबारी-सिंहदेवी चौविसे गाउँपालिको सम्मेवा-अठारसय-त्रिवेणी हुँदै तेह्रथुम जोड्ने सडक निर्माण प्रारम्भ भएका कारण आगामी दिनमा अन्य आसपासका सडकहरुलाई यसै राष्ट्रिय राजमार्गमा जोडेर सबै पहुँचको सरल अवस्था सिर्जना गर्न सकिने र हालका स्थानीय बजारहरु व्यापारिक केन्द्रको रुपमा विकास हुन सक्ने भएकोले ग्रामीण सडक सञ्जालको पहुँच सहज हुने ।
३. तमोर नदिको बगर खेतीको विस्तार लगायत अन्य स्थानीय खोलाहरुका बेंसी भेगमा उर्वर खेतियोग्य फाँटहरु प्राकृतिक श्रोत समेतलाई उत्तम सदुपयोग गरी समग्र गाउँपालिकाको विकासमा टेवा दिन सकिने।
४. दलित, माझी, आदिवासी जनजाती, अल्प संख्यक , ब्राह्मण, खस आर्यन समेतको सहिष्णुतायुक्त मिश्रित बसोबास भएका बस्तिहरु रहेका कारण भाषिक, सांस्कृतिक, मौलिक परम्परा, ज्ञान, सीपको उपयोग गरी यस क्षेत्रको विशेष परम्परा धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्दै धार्मिक एवं सांस्कृतिक पर्यटनका माध्यमबाट विकासमा विविधिकरण ल्याउन सकिने।
५. आधारभुत, माध्यमिक विद्यालयहरू, होटल म्यानेजमेन्ट, विज्ञान, ईन्जिनीयरिङ र स्नातकसम्मका अध्ययनका लागि कलेज, निजी विद्यालयहरु समेत पर्याप्त रहेका कारण यी विद्यालयहरुको व्यवस्थापन गर्दै आगामी दिनमा कृषि, पशु सेवा, स्वास्थ्य सेवा जस्ता प्राविधिक शिक्षामा जोड दिंदै यस चौविसे गाउँपालिकालाई आवश्यक पर्ने व्यवसायिक दक्ष जनशक्ती उत्पादन गर्न सकिने र यस क्षेत्रलाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न सकिने ।
६. सबै वडाहरुमा बसोबास गर्ने जनताहरुलाई प्रत्यक्ष लाभ पुर्याउन सक्ने गरी सरकारी स्वास्थ्य संस्थाहरु स्थापना भइसकेकोले ती स्वास्थ्य संस्थाहरुको क्षमता एवं गुणस्तरमा वृद्धि गर्न

सकिने र यसै पालिकामा पालिकास्तरीय १० शैयाको सरकारी अस्पताल निर्माण शुरु भइरहेको हुँदा जनताका आधारभूत स्वास्थ्य सेवामा सरल पहुँचको अवस्था सिर्जना गर्न सकिने ।

**चुनौतीहरु :**

१. विकासको मेरुदण्डको रुपमा रहेको अर्थ व्यवस्था कमजोर हुनु ।
२. केन्द्रीय सरकारको आशा र भरोसामा स्थानीय तहको अर्थ व्यवस्था निर्भर रहनु ।
३. स्थानीय तहमा उपलब्ध संभावना र अवसरहरुलाई बृहत्तर रुपमा उपयोग गर्नको लागि तालिम प्राप्त दक्ष जनशक्तिको अभाव र कतिपय विषयगत शाखामा स्विकृत दरवन्दी अनुसार कर्मचारी नहुनु।
४. बस्तीहरु छरिएर रहनु, पर्यटकीय स्थलहरुलाई सामुदायिक वा सरकारी स्वामित्वमा ल्याउन कठिन हुनु।

**सभाध्यक्ष महोदय !**

उल्लेखित संभावना, अवसर तथा चुनौतिहरुलाई ध्यानमा राख्दै यस गाउँपालिकाको आ.व. २०८०/०८१ को प्रमुख नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

**दीर्घकालीन सोच (Vision) :**

यस गाउँपालिका क्षेत्रमा रहेको जमिन, जंगल, कृषि, पशु, पर्यटन आदिको संभावनाहरुलाई दिगो विकासको अवधारणा तथा अनुकुलन सन्तुलनको सिद्धान्त समेतलाई आत्मसात गर्दै यी स्रोत साधनहरुको सदुपयोग मार्फत् गाउँपालिकालाई आत्म निर्भर बनाउन आन्तरिक श्रोतको पहिचान गरी आन्तरिक आयमा वृद्धि गर्दै उच्च जीवनस्तर सहितको समाजवाद उन्मुख समृद्ध गाउँपालिका निर्माण गर्ने यस गाउँपालिकाको दीर्घकालीन सोच हुनेछ ।

**दीर्घकालीन लक्ष्य (Mission)**

नेपालको संविधान अनुसार स्थानीयस्तरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै पारदर्शीता, उत्तरदायित्व एवं जवाफदेहिता, जनताको सहभागिता र विधिको शासनमा आधारित उच्च, गुणस्तरीय, समुन्नत समतामुलक समाजको स्थापना गर्नु, यस गाउँपालिकाको दीर्घकालीन लक्ष्य रहेको छ ।

चौविसे गाउँपालिका

**उद्देश्यहरु (Goals)**

१. भविष्यमा आउने महामारीजन्य रोग लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट चौविसेका नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार गर्ने,
२. भौगोलिक विकटता, जनसंख्या, जीवनस्तर, पिछडिएका वर्गको अवस्था, समता र न्यायोचितताको आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बजेट विनियोजन गर्ने ।
३. चालु वर्षको बजेट मुख्यत शिक्षा र कृषि विकासलाई लक्षित गरी कार्यक्रम अगाडि बढाउने।
४. हरेक विकास निर्माणमा युवालाई व्यवसायिक कृषिमा प्रोत्साहित गर्ने,
५. सिघ्र विकासका लागि परिणाम प्राप्त हुने कार्यक्रमलाई प्राथमिकता दिइने,
६. सूचना प्रविधिको विस्तार, गुणस्तरीय र जीवनोपयोगी शिक्षा, आधारभुत खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण गर्ने,
७. स्थानीय स्रोत साधनको परिचालन तथा जनताको आर्थिक स्थिति सुधार गर्न कृषि तथा पशुपालनलाई प्राथमिकता दिई समतामूलक न्यायोचित वितरण प्रणालीको माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गर्दै गरिबी न्युनीकरण गर्ने ।
८. पछाडी परेका र पछि पारिएका वर्गको आर्थिक जीवनस्तर उठाई बसाईंसराई तथा प्रतिभा पलायनको अवस्थालाई न्युनीकरण गर्ने ।
९. लैङ्गिक हिंसा न्युनीकरण गर्दै सामाजिक न्याय कायम गर्ने तथा जेष्ठ नागरिक, वालवालिका संरक्षण तथा प्रवर्द्धन गर्ने।
१०. तिन खम्बे अर्थनीति अवलम्बन गरि पूँजी निर्माण तथा विकास गर्ने ।
११. हरेक वडामा गठित टोल विकास समितिहरूलाई गठन/पुनर्गठन गरी बिउँपुजीको व्यवस्था गरी बचत गर्ने बानीको विकास गर्दै आफ्नो गाउँ, आफै बनाऔ भन्ने अभियानमा जोड दिने।
१२. अबको पाँच बर्ष भित्र यस पालिकालाई क्षयरोगमुक्त पालिका घोषणा गर्ने गरि कार्यक्रम संचालन गर्ने ।

**उपस्थित गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

अब म यस चौबिसे गाउँपालिकाको आगामी आगामि बर्षको प्रमुख नीतिहरु पेश गर्ने अनुमति चाहन्छु।

**अर्थनीति :**

१. पालिकाबासी जनताको जीविकोपार्जनमा थप टेवा पुर्याउने हेतुले १ घर-१ करेसाबारी अभियान तथा आयमूलक कार्यक्रम संचालन गरिनेछ ।
२. यस पालिकाबाट गरिने सार्वजनिक खर्चलाई पारदर्शी र मितब्ययी वनाइने छ ।
३. यस पालिकाको आन्तरिक आयलाई बृद्धि गर्न करका दायराहरुलाई व्यापक बनाउँदै प्रगतिशील कर नीति अवलम्बन गरिने छ ।
४. चौविसे गाउँपालिकाको आर्थिक समृद्धिका लागि निजी क्षेत्रको साझेदारी लगानी प्रोत्साहन, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

५. बजार व्यवस्थापन तथा अनुगमन गरी राजस्वको बारेमा परामर्श गरिनेछ ।

**सभाध्यक्ष महोदय**

## कृषि तथा पशु सेवा नीति

१. "कृषि उत्पादनमा बृद्धि, चौविसेको समृद्धि" भन्ने मुल नाराका साथ कार्यक्रम सञ्चालन गरिनेछ।
२. आधुनिक प्रयोगशाला सहितको भेटेनरी प्रयोगशाला कक्ष निर्माण गरिनेछ।
३. पशुपंक्षी पालनलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न पशुपंक्षीको नश्ल सुधारको व्यवस्था मिलाइने छ।
४. पशुपंक्षी पालन व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रुपमा पछि परेका महिला, युवा, दलित, जनजाति तथा विपन्न लक्षित वर्गका लागि स्वरोजगार तथा आय आर्जनको दिगो स्रोतका रुपमा विकास गर्न मागमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
५. पशुपंक्षी पालन र गुणस्तरीय पशुजन्य पदार्थलाई उत्पादन, आन्तरिक मागको आपूर्ति तथा निर्यात प्रवर्द्धन गर्नमा बाधक देखिएको खोरेत, पि. पि. आर.स्वाइन फिभर, रानीखेत, लम्पी स्कीन डिजिज तथा रेविज जस्ता रोगहरुको रोकथामका लागि प्रभावकारी खोप सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६. दुध मासु उत्पादन वृद्धिमा विशेष जोड दिने कार्यक्रम ल्याइनेछ।
७. पशु स्वास्थ्य उपचार तथा महामारी नियन्त्रणका लागि एक वडा एक, एक पशु शिविर संचालन गरिनेछ।
८. महामारी नियन्त्रणको लागी आवश्यक बजेटको ब्यवस्था मिलाईनेछ।
९. पशु चौपाय निकाशी पैठारीलाई थप कडाई गरिनेछ।
१०. विशेष कृषि उत्पादन कार्यक्रम संचालन गरिनेछ।
११. अर्गानिक खेतिका लागि प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ।
१२. माछा तथा मौरी हुने स्थानको पहिचान गरी व्यवसायीकरण कार्य अगाडी बढाइनेछ ।
१३. कृषि उपज सामग्रीको बजारीकरणका लागि निम्न मुल्यको अवस्था हेरेर ढुवानी अनुदान कार्यक्रम संचालन गरिनेछ ।
१४. माटो गुणस्तरको लागी शिविर सञ्चालन गरिनुका साथै माटो गुणस्तर परिक्षणको लागी प्रयोगशालाको स्थापना गरिनेछ ।
१५. कपास र सुर्यमुखी खेतीलाई प्रोत्साहन गरिनेछ ।
१६. वेमौसमी खेतीलाई प्रोत्साहन गरिनेछ ।
१७. किवी /एभोकाड खेती सम्बन्धि तालिममा विशेष जोड दिइने छ ।
१८. ५० प्रतिशत मुल्य अनुदानमा हिंउदे तथा वर्षे फलफुलको विरुवा/बीउ वितरण गरिने छ ।

१९. रैथाने बाली संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
२०. कृषि र पशुपालनलाई विशेष युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
२१. नगदे वालीमा विशेष जोड दिइनेछ ।
२२. कृषिमा आधुनिकिकरणको लागी कृषि सामाग्री यन्त्र ५० प्रतिशत मुल्य अनुदानमा वितरण गरिनेछ ।
२३. आकस्मिक बाली संरक्षण सेवा प्रदान गरिनेछ ।
२४. प्लाष्टिक टर्नेल वितरणमा जोड दिइनेछ ।
२५. प्रदेश सरकार र स्थानीय सरकारबाट प्रदान गरिने कृषि पशु अनुदानलाई प्रभावकारी अनुगमन गरिनेछ ।
२६. जंगली जनावरबाट आक्रान्त क्षेत्रहरुमा अदुवा, बेसार तथा कागती खेती विस्तार गर्ने नीति लिइनेछ ।
२७. पशु बिमा कार्यक्रमलाई थप प्रभावकारीरुपमा अगाडि बढाईने छ।

**गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**
**शिक्षा नीति**

१. "**हाम्रो गाउँपालिकाको ईच्छा, सबैलाई गुणस्तरीय शिक्षा**" को नारालाई मुर्त रुपमा कार्यान्वयन गरिनेछ।
२. विद्यालय नक्शांकनका आधारमा वैज्ञानिक र व्यवहारिक ढङ्गले विद्यालयहरुलाई एकीकरण तथा समायोजन गरिनेछ ।
३. विद्यार्थी-शिक्षक अनुपात विकल्प सहितको आधारमा शिक्षक दरबन्दी मिलान तथा वितरण गरिनेछ ।
४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यकताका आधारमा केजी कक्षा सञ्चालन तथा बाल विकास कक्षालाई निरन्तरता दिइनेछ।
५. प्रत्येक विद्यालयमा आवश्यक कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला, शौचालय, खेल मैदान, स्वच्छ पिउने पानी तथा आवश्यक अन्य शैक्षिक सामग्रीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
६. स्थानीय तहको आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई पुरा गरिनेछ।
७. कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुका लागि निःशुल्क र गुणस्तरीय सेनिटरी प्याड उपलब्ध गराइनेछ ।
८. विद्यार्थीहरुलाई विद्यालयमा सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न शिशु कक्षादेखि कक्षा ६ सम्मका छात्रछात्राहरुका लागि दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
९. विद्यालयहरुलाई विभिन्न किसिमका फ्लेक्स सामग्री (न्यूनतम सिकाइ मापदण्ड सहित ) प्रदान गरी कक्षाकोठाहरुलाई स्रोतपूर्ण बनाइनेछ।

१०. विद्यालयहरुलाई प्रदान गरिएका कम्प्युटर, प्रिन्टर, युपियस लगायतका आवश्यक सामग्रीहरुको मर्मत सम्भार गरिनेछ ।

११. विभिन्न मातृभाषा अध्यापन गराउने विद्यालयहरुलाई दिइदै आएको प्रोत्साहन अनुदानलाई वृद्धि गरी आवश्यक शैक्षिक सामाग्री समेत वितरण एवम् विस्तार गरिनेछ ।

१२. विद्यार्थीहरुलाई व्यवसायिक र प्राविधिक शिक्षा तर्फ आकर्षित गर्न कक्षा ११ र १२ मा विज्ञान र होटल व्यवस्थापन अध्ययन गर्ने, प्राविधिक शिक्षा धार तर्फ अध्ययन गर्ने र स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई उत्कृष्टताका आधारमा दिइदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

१३. **प्राविधिक तथा रोजगारमूलक** शिक्षामा विद्यार्थीको पहुँच विस्तार गर्न सिटिइभिटीको ३ बर्षे तथा १८ महिने कृषि तथा पशु प्राविधिक अध्ययन गर्ने विद्यार्थीलाई दिइदै आएको निशुल्क छात्रवृत्ति लाई उत्कृष्टताका आधारमा निरन्तरता दिइनेछ ।

१४. **श्री शारदा मा.वि. मा** कक्षा ९ बाट प्राविधिक शिक्षा धार तर्फ सिभिल इन्जिनियरिङ विषय अध्ययन गर्ने प्रत्येक वडाका १ जना विद्यार्थीहरुका लागि प्रदान गरिने छात्रवृतिलाई उत्कृष्टता एवम् मापदण्डको आधारमा प्रदान गरिनेछ ।

१५. **श्री भानु मा.वि.** डाडाँवजारमा कक्षा ९ बाट प्राविधिक शिक्षा धार तर्फ इलेक्ट्रिकल इन्जिनियरिङ विषय अध्ययन गर्ने प्रत्येक वडाका १ जना विद्यार्थीहरुका लागि प्रदान गरिने छात्रवृतिलाई नतिजाको आधारमा निरन्तरता दिइनेछ ।

१६. **उच्च शिक्षामा** विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्न श्री बुधुक क्याम्पसमा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई दिइएको छात्रवृत्तिलाई नतिजाको आधारमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१७. विद्यालयमा प्रदान गरिने अनुदानलाई नतिजामुखी बनाउनका लागि कार्यसम्पादनमा आधारित अनुदानमा जोड दिइनेछ ।

१८. विद्यालयको शैक्षिक उपलब्धीका लागि प्र.अ. लगायत विषयगत सिकाई उपलब्धीका लागि सम्बन्धित विषयका शिक्षकलाई जवाफदेही बनाइनेछ ।

१९. कार्य सम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट देखिएका प्रधानाध्यापकहरुलाई प्रोत्साहन गरिनेछ।

२०. आफुले अध्यापन गरेको विषयमा विद्यार्थीले हासिल गरेको नतिजाका आधारमा शिक्षकलाई पुरस्कार वा दण्डको व्यवस्था गरिनेछ ।

२१. गाउँपालिका स्तरीय कक्षा ८ , एस. इ.इ. र कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. आधारभूत तह अन्तर्गत कक्षा ५ को वडा स्तरीय र कक्षा ८ को परीक्षालाई पालिका स्तरीय रुपमा अझ व्यवस्थित र स्तरीय बनाउदै लगिनेछ ।

२३. आधारभुत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षामा परीक्षा केन्द्र तोकी सम्बन्धित केन्द्रको शिक्षक नपर्ने गरी केन्द्राध्यक्षको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२४. बाह्य विषय विज्ञद्धारा निर्माण गरिएका प्रश्नपत्रको प्रयोग गरी विद्यार्थीको सिकाई उपलब्धि मापन गर्ने कार्यलाई वस्तुनिष्ठ बनाइनेछ ।

२५. प्रयोगात्मक परीक्षाको प्राप्तांक भन्दा शैद्धान्तिक परीक्षाको प्राप्तांकलाई विद्यार्थीको उपलब्धी मापनको आधार मानिनेछ ।

२६. प्रारम्भिक कक्षाहरुका लागि न्युनतम सिकाइ मापदण्ड निर्धारण गरी कार्यान्वयनमा लागिनेछ।

२७. विद्यालयका भौतिक विवरण, शिक्षक विवरण तथा विद्यार्थीका सम्पुर्ण विवरणहरुलाई एकिकृत शैक्षिक सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

२८. कम्प्युटर सञ्चालन सम्बन्धी तथा इमिस सम्बन्धी सिप नभएका प्रधानाध्यापक तथा शिक्षकहरुका लागि क्षमता विकास तालिम प्रदान गरिनेछ ।

२९. आवश्यकताका आधारमा माध्यमिक तह तथा आधारभुत तहका शिक्षकहरुलाई पुनर्ताजकी तालिम प्रदान गरिनेछ ।

३०. प्रारम्भिक बाल विकास र केजी कक्षाका सहयोगी कार्यकर्ताहरुका लागि मागमा आधारित तालिम प्रदान गरिनेछ ।

३१. गाउँपालिकाबाट नियुक्ति गरिएका बालविकास तथा केजी कक्षाका सहयोगी कार्यकर्ताहरुलाई हरुलाई पोशाक भत्ता उपलब्ध गराइनेछ ।

३२. विद्यालयहरुको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरिनेछ । साथै अनुभव तथा सिकाई आदान प्रदानका माध्यमबाट शैक्षिक गुणस्तर सुदृढीकरण गरिनेछ ।

३३. सक्षमता र भौगोलिक क्षेत्रका आधारमा विद्यालयहरुको समुह निर्माण गरी सक्षम विद्यालयलाई नेतृत्व गर्ने अवसर प्रदान गरिनेछ ।

३४. अभिभावकहरुलाई समेत विद्यार्थीहरुको सिकाइमा जिम्मेवार बनाउन विद्यालय मार्फत अभिभावक सचेतनाको कार्यक्रम आयोजना गरिनेछ ।

३५. गाँउपालिका प्रतिनिधि, विद्यालयका प्र.अ., अभिभावक, वि.व्य.स. अध्यक्ष र शि.अ. संघका पदाधिकारीहरु, शिक्षक तथा शिक्षा सम्वन्धी सरोकारवालाका विचमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. विभिन्न विधाका प्रतिभा पहिचान हुने किसिमका प्रतियोगितात्मक सहकार्यकलाप सञ्चालन गरी विद्यार्थीरुलाइ पुरस्कृत गरिनेछ ।

३७. सामुदायिक अध्ययन केन्द्रहरुलाई सबलीकरण गरी निरन्तर शिक्षालाई प्रोत्साहन गरिनेछ ।

३८. आधारभूत तहका विद्यालय र विद्यार्थीहरुका लागि भौतिक पूर्वाधार, जनशक्ती थप जस्ता कार्यहरुमा जोड दिइनेछ ।

३९. शैक्षिक गुणस्तरका साथै अतिरिक्त क्रियाकलापमा जोड दिइनेछ ।

**सभाध्यक्ष महोदय ,**

**युवा तथा खेलकुद नीति**

१. युवाहरुमा सकारात्मक धारणाको विकास गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
२. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गर्न विद्यालयहरुलाई खेल सामग्री वितरण गरिनेछ।
३. आवश्यकताको आधारमा खेल मैदान निर्माणको कार्यलाई निरन्तरता दिदै थप पुर्वाधारको विकास गरिनेछ ।
४. खेलको माध्यमबाट नै युवाहरुमा आत्मानुशासन, सकारात्मक प्रतिस्पर्धा र समालोचनात्मक चिन्तनको विकास गरिनेछ ।
५. स्थानीय स्तरमा रहेका विभिन्न विधाका उत्कृष्ट खेलाडिको पहिचान गरी अझ हौसला बढाउन पुरस्कृत गरिनेछ ।
६. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि स्थानीय तथा जिल्ला स्तरको खेलकुद प्रतियोगिताको लागि प्रोत्साहन तथा सहयोग गरिनेछ ।
७. खेलको माध्यमबाट सामाजिक विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
८. युवाहरुमा रहेको विभिन्न विधाका प्रतिभा उजागर गर्ने उद्देश्यले युवाहरुमा रहेको प्रतिभा पहिचान गरी त्यस्ता प्रतिभाशाली युवाहरुलाई प्रोत्साहन गरिनेछ ।
९. स्थानीय तथा राष्ट्रिय खेलको माध्यमले युवाहरुलाई समाजमा स्थापित हुन प्रेरित गरिनेछ ।
१०. चौविसे रनिङ कपको माध्यमबाट सञ्चालन हुने खेलहरुलाई विभिन्न विधागत रुपमा अझ विकास गरी समावेशी खालका पालिकास्तरिय सक्षम टिम निर्माण गरिनेछ ।
११. सबै खेलहरुलाई समान ढङ्गले विकास गर्नका लागि आवश्यक तयारीको काम गरिनेछ ।
१२. माध्यमिक विद्यालयहरुमा स्काउट स्थापना गरी स्काउट ब्यवस्थापन गर्न आवश्यक कार्य सञ्चालन गरिनेछ ।
१३. पालिका संरक्षक रहेको रारा कपलाई व्यवस्थापन गर्न एकमुष्ट अक्षय कोषको व्यवस्थापनमा सहयोग गरिनेछ ।
१४. खेलग्राम निर्माणको लागि वडा नं. २ को साविक ३ नं. मा जग्गा तयारी रहेकोले यसलाई डि.पि.आर. को प्रक्रिया अगाडी बढाइनेछ ।

**स्वास्थ्य नीति**

१. चौबिसे गाउँपालिकासँग ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रमलाई बढवा दिंदै ६८ बर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर वा टोलमा भेट गरि स्वास्थ्य परिक्षण (रक्तचाप, रगतमा ग्लूकोज/सुगर परिक्षण, दन्त परिक्षण, आँखा /नाक, कान, घाँटी आदि) को परिक्षणका साथै आवश्यक स्वास्थ्य परामर्श गरि मल्टि भिटामिन तथा मल्टि मिनरलसको झोल, क्याल्सियम चक्कि, दम/खोकी, मधुमेह, उच्च रक्तचाप लगायत निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम भित्र पर्ने प्रायः सबै औषधीहरुको उपलब्धता गराई उक्त कार्यक्रम संचालन गरिनेछ ।

चौविसे गाउँपालिका

२. चौबिसे गाउँपालिकासँग गर्भवती पोषण तथा परामर्श कार्यक्रम मार्फत गर्भवती महिलाहरुको पोषणको अवस्थामा सुधार भई स्वस्थ शिशुको जन्म दिने अवस्था सिर्जना गर्न अनिवार्य रुपमा ८ पटक गर्भजाँच गर्नका साथै स्वास्थ्य संस्थामा मात्रै प्रसुती हुने कुराको सुनिश्चितताका लागि स्वास्थ्य संस्थामा आउने गर्भवती महिलाहरुलाई पोषिलो खाजाको व्यवस्थाका साथै परामर्श सेवा कार्यक्रम १२ वटै स्वास्थ्य स्वास्थ्य संस्थाबाट संचालन गरिनेछ ।

३. स्वास्थ्य संस्थामा प्रसुति भएका सुत्केरी आमाहरुको उत्तर प्रसुति अवस्थामा हुने आमा र शिशुको स्वास्थ्य सुरक्षा तथा पोषण अवस्थाको अभिवृद्धि गर्न आमालाई खाना र शिशुलाई नाना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. स्वास्थ्य विमा कार्यक्रमलाई जनमूखी बनाउन अन्यन्त गरिब तथा बिपन्न नागरिक, विपन्न दलित र विपन्न अपाङ्गहरुको पहिचान वा छनौट द्वारा निःशुल्क स्वास्थ्य बिमा गराउन बजेटको ब्यवस्था गरि अभियानको रुपमा अगाडि बढाइनेछ ।

५. चौविसे गाउँपालिका मातहतमा संचालित एम्बुलेन्स सेवामा दिइँदै आएको छुट प्याकेजको बिशेष क्षेत्र निर्धारण गरि अझ न्यायोचित बनाई निरन्तरता दिइनेछ साथै एउटा एम्बुलेन्स थप गर्न आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

६. स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेको शुलभ फार्मेसीबाट नियमित बिरामी/सेवाग्राहीहरु तथा औषधि खाईरहनु पर्ने दीर्घरोगीहरुको लागि ५ प्रतिशत छुटमा औषधि लिने गरि प्रोत्साहन गरिनेछ भने फार्मेसीको आर्थिक कारोवारको व्यवस्थापन लाई समेत थप सदृढ र पारदर्शी बनाउदै व्यवस्थित गरिनेछ।

७. स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेका बर्थिङ सेन्टरहरुको सेवालाई प्रभावकारी र दिगो बनाउन आवश्यक औजार तथा उपकरणको व्यवस्था गरिनेछ साथै कुरुलेतेनुपा स्वास्थ्य चौकीमा नयाँ प्रशुती केन्द्र स्थापनाका लागि औजार/उपकरणको व्यवस्था तथा दक्ष जनशक्तीको सुनिश्चितता गरिनेछ ।

८. स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ स्वास्थ्य सेवा संचालनका लागि आवश्यक पर्ने औजार तथा उपकरणको व्यवस्था गरिनेछ ।

९. स्वास्थ्य संस्थामा संचालनमा रहेका ल्याव सेवाहरुमा आवश्यक उपकरणहरुको स्तरोन्नती गरिनुका साथै स्थापना भए देखि हालसम्म मासिक सरदर रुः ५,०००।— वा सो भन्दा कम अनुपातमा मात्रै प्रयोगशाला परिक्षण शुल्क/राजश्व आम्दानी संकलन गर्ने संस्थाको ल्याबलाई अन्य वडाका नयाँ थप गर्न आवस्यक स्वास्थ्य संस्थामा संचालन गर्ने गरि स्थानान्तरण गरिनेछ।

१०. बर्थिङ सेन्टरहरुमा खटिने प्रसुतिकर्मीहरुलाई नाईट एलाउन्सको सट्टामा सोही रकमको अनुपातमा प्रसुति सेवा प्रदायक प्रोत्साहन रकम थप गरिनुका साथै स्वास्थ्य संस्था मार्फत प्राप्त हुने संस्थागत प्रशुतीको प्रतिवेदनका आधारमा दिईने प्रति ईकाई मुल्य INCENTIVE रकमको बृद्दि भएको अनुपातमा दिनेगरि एकरुपताका साथ लागु गरिनेछ ।

११. संस्थागत सुत्केरीहरुको संख्यामा बृद्धि तथा घरमा शुन्य प्रसुति **(Free Home Delivery)** कार्यक्रमलाई सफल पार्न महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गरिनेछ ।

१२. पूर्णखोप शुनिश्चितता वडा तथा गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. नियमित खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सचालन गर्नका लागि खोप क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुलाई दिइदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

१४. गाउँघर क्लिनिक कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गाउँघर क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुलाई दिइदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ।

१५. गाउँटोल स्तरमै महिलाहरुको लागि स्त्रीरोगहरुको पहिचान तथा उपचारमा सहयोग पुर्याउन दक्ष चिकित्सकको उपलब्धता गराई स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर भए नभएको स्क्रिनिङ सेवाका साथै पाठेघर खसेका महिलाहरुलाई रिङ पेशरी समेत लगाउने घुम्ति शिविर कार्यक्रम संचालन गरिनेछ।

१६. जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुहरुको जाँच गरी अभिलेख राखिनेछ ।

१७. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत नव दम्पती र गर्भवतीलाई सन्देशमूलक सूचनामा आधारित शुभकामना कार्ड घर घरमा बितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. गर्भवती महिलाको गर्भमा रहेको शिशुको अवस्था पत्ता लगाउन १२ वटै स्वास्थ्य संस्थाहरुमा घुम्ति सेवाको रुपमा ग्रामीण अल्ट्रासाउण्ड (भिडियो एक्स—रे) सेवा थप विस्तार गरिनेछ ।

१९. परम्परागत असुरक्षित गर्भपतनका कारण हुने मृत्युदरलाई कम गर्न सुरक्षित गर्भपतन सेवाको बिस्तारको कार्यलाई जोड दिंदै सो सेवालाई सर्वशुलभ बनाउन बिषेश सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२०. नेपाल नेत्रज्योती सँघ तथा अन्य ठूला अस्पतालहरुसँग समन्वय गरी निःशुल्क रुपमा आँखा, नाक, कान, घाँटीको उपचारको लागि बिषेशज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२१. चौबिसे—६ राजारानीमा निर्माणधिन १० बेडको आधारभूत अस्पताल निर्माण गर्ने कार्य चाडो भन्दा चाडो सम्पन्न गराउन सम्बन्धित निकाय/पक्षसँग आवस्यक समन्वय गरिने छ ।

२२. गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधाको सुनिश्चितता/निरन्तरता गरिनेछ।

२३. आगामी पाँच बर्ष भित्र यस पालिकालाई क्षयरोग मुक्त पालिका बनाउन केन्द्रले तोकेको मार्गदर्शनमा उल्लेखित गतिविधिहरुलाई थप प्रभावकारी र नतिजामुलक बनाउने गरि पालिकाबाट परिभाषित रुपमा पर्याप्त बजेट बिनियोजन गरि कार्यक्रम संचालन गरिनेछ ।

२४. चौबिसे गाउँपालिकाका १२ वटै स्वास्थ्य संस्थाहरु मध्ये ८ वटामा परिवार नियोजनको ५ बर्षे अस्थायी साधन ईम्प्लाण्ट सेवा उपलब्ध नभएकोले ति संस्थाहरुमा उक्त सेवा विस्तार गर्न स्वास्थ्यकर्मीहरुको क्षमता/दक्षता अभिबृद्धिको अनसाईट/सेटलाईट क्लिनिकको आयोजनाबाट सक्षम गराई औजार उपकरण उपलब्ध गरि सेवा सुचारु गरिनेछ ।

२५. खोप तथा गाउँघर क्लिनिकको भवन अभाव भएका २ स्थानहरु तथा अठारसय स्वास्थ्य चौकीमा १ वटा सुविधा सम्पन्न शौचालयको निर्माण गरिने छ ।

२६. मुढेबास स्वास्थ्य चौकीको लागि २ कोठे प्रशुती केन्द्र भवन निर्माणको लागि संघ/प्रदेश सरकारसंग आवस्यक समन्वय गरि बजेट व्यावस्थापनको लागि पहल गरिने छ ।

२७. चौबिसेका १२ वटै स्वास्थ्य संस्थाहरुमा सेवाग्राही तथा स्वास्थ्यकर्मीहरुका लागि शुद्द पिउनेपानी (तातोपानी तथा चिसो) को उचित व्यवस्थापन गरिने छ ।
२८. बढि गर्मी हुने ४ वटा स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य चौकीको हकमा ३ वटा तथा सामुदायिक स्वास्थ्य ईकाईहरुमा २ वटाको दरले सिलिङ पंखाको व्यवस्था गरिने छ ।
२९. बिभिन्न परोपकारी/सहयोगी निकायहरुसँगको समन्वयमा चौबिसे गाउँपालिकाको २ वटा स्थानहरुमा एक एक पटक बिषेश रक्तदान कार्यक्रम संचालन गरिनेछ ।
३०. स्वास्थ्य संस्थाहरुमा बाह्रै महिना नेपाल सरकारले निर्धारण गरे बमोजिमका निःशुल्क औषधिहरुको आपूर्ति तथा बितरण प्रणालीलाई अझ सुदृढ गरि निरन्तरता दिइनेछ ।
३१. मानव स्वास्थ्यको लागि अत्यन्तै हानिकारक भनि पुष्ट्याई भएको प्लाष्टिक/रवरजन्य फोहोरलाई जलाउँदा आउने धुवाँ भएकोले विश्व वातावरण दिवसलाई सफल बनाउदै चौबिसेबासीहरुको स्वास्थ्यको सुरक्षाका लागि चौबिसे गाउँपालिकाका सवै वडाका बजार तथा ग्रामीण स्तरका टोल बिकास संस्थाहरुले अगुवाई गर्नेगरि कुनै पनि हालतमा प्लाष्टिक/रवर जन्य फोहोरहरुलाई जलाउन नदिने मात्र नभई प्लाष्टिक/रवर तथा सिसाजन्य र कुहिने किसिमका सबै फोहोरहरुलाई छुट्टा छुट्टै संकलन गरि यथासक्य पुनर्प्रयोग गर्ने तथा छुट्टा छुट्टै बिसर्जनको व्यवस्थाका लागि वडाहरुको सापेक्षतामा हप्ताको १ दिन "हामी बाँच्नको लागि वातावरणलाई पनि बचाऔं , दिनको १/२ (आधा) घण्टा समय सरसफाई र फोहोरमैला व्यवस्थापनमा लगाऔं" भन्ने अभियान संचालन गरिनेछ ।

## रोजगार सेवा केन्द्र सम्वन्धी नीति

१. स्थानीय तहमा दर्ता भएका बेरोजगार ब्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधरित सामूदायिक आयोजना संचालन गरि श्रममूलक आयोजना मार्फत समूदायको बिकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२. रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार श्रमिकलाई रोजगार दिन र प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना अझै प्रभावकारी बनाउनका लागि संघीय सरकारबाट प्राप्त सशर्त बजेटमा गाउँपालिकाको सबै वडाबाट बजेट साझेदारी गरि कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
३. दक्ष तथा सक्षम जनशक्तिको बिकास गरि आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरि तालिम प्रदायक संस्थाहरु सँगको सहकार्यमा बेरोजगार ब्यक्तिलाई तालिम दिईनेछ ।
४. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय निजी, सहकारी तथा गैरसहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ ।
५. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना संचालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

६. कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको निति रहनेछ ।
७. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन लाई थप प्रभावकारी बनाईनेछ ।
८. गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहलकदमी चालिनेछ ।
९. गाउँपालिका स्तरिय नियमित विकास निर्माणको योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।
१०. सामूहिक फलफूल तथा तरकारी खेती र बृक्षारोपण कार्यमा समेत सूचीकृत बरोजगार व्यक्तिहरुलाई श्रममा लगाईनेछ ।
११. आप्रवासी सूचना कक्षलाई निरन्तरता दिई वैदेशिक रोजगारलाई सुरक्षित, उपब्धिमूलक बनाउन आवश्यक सूचना परामर्श प्रदान र वैदेशिक रोजगारका क्रममा पीडित व्यक्तिहरुलाई आर्थिक सहायता, क्षतिपुर्ति, न्याय तथा उद्धार सेवा प्रदान गरिनेछ ।
१२. वैदेशिक रोजगारमा गएका र फर्केर आएका व्यक्तिहरुको तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिक गरिनेछ ।
१३. प्रदेश तथा संघीय स्तरका वैदेशिक रोजगार सम्बन्धित सरोकारवाला निकाय र स्वदेशमा रोजगार प्रवर्द्धन गर्ने निकायहरुसँग सम्पर्क समन्वय गरी कार्यगत सम्बन्ध स्थापना गरिनेछ ।
१४. श्रम स्विकृति र पुन श्रम स्विकृतिको आवेदन दिने कार्य प्रभावकारी रुपमा रोजगार सेवा केन्द्रबाट थप व्यवस्थित गरिनेछ ।

## पर्यटन नीति

१. यस पालिकाका पर्यटकीय स्थलहरुको पहिचान गरि पर्यटन सूचना केन्द्रको स्थापना गरी पर्चा, पम्प्लेट एवम् होडिङ्ग बोर्डको माध्यमबाट आन्तरिक र वाह्य पर्यटकलाई यस क्षेत्रको महत्वपूर्ण पर्यटकीय स्थलको सूचना जानकारी उपलब्ध गराइनेछ साथै पालिकाबाट प्रकाशन भएको पर्यटन डायरी मार्फत प्रचार प्रसार गरिनेछ ।
२. गाउँपालिका भित्र रहेका ताल तलैया सिमसार क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन पुर्वाधारको विकास निर्माण अगाडि बढाइनेछ ।
३. पर्यटन प्रवर्द्धनको लागि चालु योजनाहरुलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।
४. चौविसे गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलको प्रवर्द्धनका लागि पार्श्वचित्र निर्माणको कार्य अगाडि बढाइनेछ ।
५. माथिल्लो धप्पड ताल संघीय सरकार र स्थानीय सरकारको संयुक्त लागत साझेदारीमा क्रमागत रुपमा निर्माण कार्यलाई सम्पन्न गरिनेछ ।
६. स्थानीय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी क्रमागत गरी संरक्षण र जीर्णोद्दार गरिने छ ।



चौविसे गाउँपालिका

७. प्रदेश सरकार र स्थानीय सरकारसँगको साझेदारीमा रानीताल लगायत अन्य पर्यटकीय स्थलहरुको थप व्यवस्थापनको कार्य अगाडि बढाउदै रानी तालमा चौबिसे गुलाफ खेती सुरु गरिनेछ ।

८. पर्यटकिय क्षेत्रलाई संरक्षण गरी पर्यटन पूर्वाधारहरुको विकास गरिने छ ।

९. चौविसे पर्यटन विकासमा टेवा पुर्याउन यहाँका महत्वपूर्ण पर्यटकीय सम्पदाको भिडियो बनाई प्रचार-प्रसार गरिनेछ ।

१०.स्थानीय कला सीपको विकास, संरक्षण र प्रवर्द्धन गरी सांस्कृतिक पर्यटनको महत्व थप उजागर गरिनेछ ।

११. पाथिभरा मन्दिर, वडा नं. ८ जेफाले भ्यु टावर सिढी निर्माण पुरा गरिनेछ ।

१२. ल्हाकिल डाँडामा पदमार्ग साथै फनपार्क निर्माणको लागि डि.पि.आर. गरी कार्य अगाडी बढाइनेछ ।

१३. मगर संग्राहलयलाई थप व्यवस्थित बनाइनेछ ।

**सभाध्यक्ष महोदय**

**महिला तथा बालबालिका नीति**

१. लैंगिक हिंशा अन्त्यको सोह्र दिने अभियान संचालन गरिनेछ ।

२. **"विहेवारी : २० वर्ष पारी**" भन्ने नाराका साथ चौविसे गाउँपालिकाका किशोर किशोरीहरुको लागि समुदायमा आधारित किशोर किशोरी विकास सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

३. लैगिंक हिंसा तथा घरेलु हिंसा सम्बन्धित कानुनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

४. लक्षित बर्गलाई ध्यानमा राखी पिछाडिएका समुदायलाई विकासको मुलधारमा ल्याउँन क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

५. बालबालिका तथा महिलाका हित संरक्षण गर्न सचेतनामुलक कार्यक्रमहरु - होडिङ बोर्ड, पर्चा पम्प्लेट, अन्तरक्रिया, गोष्ठी कार्यक्रम आदि संचालन गरिनेछ ।

६. लक्षित वर्गलाई ध्यानमा राखि सीपमुलक र आयमुलक तालिम प्रदान गरिनेछ ।

७. जेष्ठ नागरिक, अन्तराष्ट्रिय महिला दिवस, अपाङ्ग दिवस, एकल महिला, छुवाछुत तथा विभेदमुक्त दिवस, अन्तराष्ट्रिय जातीय भेदभाव उन्मुलन दिवस, आदिवासी जनजाति दिवस जस्ता लक्षित वर्गका दिवसलाई महत्वपूर्ण कार्यक्रमको रुपमा संचालन गरिने छ ।

८. वालवालिका तथा उनीहरूको अभिभावकको लागि सामुदायिक शैक्षिक कानुनी सचेतना कार्यक्रम संचालन गरिने छ ।

चौविसे गाउँपालिका

९. जेष्ठ नागरिक सम्मान तथा जेष्ठ नागरिक सम्बन्धि कार्यक्रम संचालन गरिने छ साथै वडा नं. १ मा ज्येष्ठ नागरिक भेटघाट चौतारी निर्माण गरिने छ ।
१०. दलित/उत्पिडित महिलाहरुको क्षमता विकासको लागि नेतृत्व विकास तालिम संचालन गरिनेछ ।
११. चौविसे गाउँपालिका भित्रका दलितहरुलाई सक्षम बनाउनका लागि दलित अधिकार र सिप प्रवर्द्धनको कार्यक्रम गरिनेछ साथै अन्तर जातीय विवाह गर्ने दम्पतीहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।
१२. चौविसे गाउँपालिकालाई बाल श्रम मूक्त गाउँपालिका घोषणा अभियान संचालन गरिनेछ ।
१३. गाउँपालिका भित्र रहेका अपाङ्गहरुको स्वास्थ्य, सुरक्षा एवम् परामर्शको लागि एक दक्ष स्वास्थ जनशक्तीको व्यवस्था गरी घर-घरमै सेवा प्रदान गरिनेछ ।

**सभाध्यक्ष महोदय**

**चौविसे कला साहित्य तथा संस्कृति नीति**

१. गाउँपालिका भित्रका सांस्कृतिक पहिचान, झाँकी, विविधता युक्त विशेष परम्परागत भेषभुषा, रीतिरिवाज, चालचलनको खोजी र पहिचान गरी त्यसको अभिलेखीकरण तयार गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।
२. चौविसे गाउँपालिकामा रहेका विभिन्न विधाका कलाकारहरूको पहिचान गरी उनीहरूमा रहेको कला, प्रतिभा प्रवर्द्धनको लागि कार्यक्रम संचालन गरिनेछ ।
३. सबै जाति, भाषा, धर्म र संस्कृति जगेर्नामा टेवा पुग्ने खालको कार्यक्रम गरिनेछ ।
४. दलित, आदिवासी जनजातिहरुको संस्कृतिलाई प्रवर्द्धन तथा संरक्षण गर्ने कार्यक्रम गरिनेछ ।
५. चौविसे कला, साहित्य, सांस्कृतिक उत्थान तथा सम्मान कार्यक्रम गरिनेछ ।
६. सवै जातजातिको मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धनको कार्यक्रम गरिने छ ।
७. चौबिसे गाउँपालिकाको ऐतिहासिक अध्ययन खोज पुस्तक प्रकाशन गरिनेछ ।

**न्यायिक तथा मेलमिलाप सम्बन्धि नीति**

१. "जनताको अदालत गाउँगाउँमा, सुशासन समाज निर्माण आफ्नै ठाउँमा" भन्ने नाराका साथ नेपालको संविधान, २०७२ को धारा २१७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्याय सम्पादन गरिनेछ ।
२. न्याय सम्पादनलाई प्रभावकारी बनाउन न्यायिक समिति र मेलमिलापकर्ताहरुको लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी कार्यगत दक्ष बनाइनुका साथै मेलमिलापकर्ताहरु थप गरिनेछ।
३. छिटो छरितो विवाद निरुपण गर्न पक्ष विपक्ष दुवै पक्षलाई जित-जितको सुनिश्चितता गराउने उद्देश्यले मेलमिलापको पद्धति मार्फत विवाद समाधानलाई प्रभावकारी बनाउदै लगिनेछ ।



चौविसे गाउँपालिका

४. प्रत्येक वडामा रहेका सामुदायिक मेलमिलाप केन्द्रहरुमा अनुगमन गरी मेलमिलाप केन्द्रका आवश्यक सामग्री प्रदान गरिनेछ ।
५. विवाद समाधानको लागि मेलमिलाप शत्र गराए वापत मेलमिलापकर्ताहरुलाई प्रोत्साहन भत्ता उपलब्ध तथा आवश्यक कार्यक्रमहरु गरिनेछ ।
६. कानूनी शासनको प्रवर्द्धन गर्दै सबैका लागि न्यायमा समान पहुँच र सामाजिक न्यायलाई जोड दिइनेछ ।

**सभाध्यक्ष महोदय**

**सामाजिक विकास नीति**

१. वाल अधिकार, महिला हिंसा तथा यौनिक हिंसा, संविधान र कानूनी प्रावधान सम्बन्धी तालिम संचालन गरिनेछ।
२. समाजमा विभेद कम गर्ने उदेश्यले अन्तरजातीय विवाह सम्मान तथा कानूनी साक्षरता कार्यक्रम गरिनेछ ।
३. समाजमा हने बहुविवाह न्युनीकरणको लागि मुलुकी देवानी/अपराध संहिता ऐन सम्बन्धी सचेतना कार्यक्रम गरिनेछ ।
४. लागू औषध नियन्त्रणको लागि प्रत्येक वडामा सामाजिक अभियान चलाइनेछ ।
५. दलित तथा आदिवासी जनजातिको अधिकार विषयक कार्यक्रम संचालन गरिनेछ ।
६. संरक्षक विहिन बालबालिकाहरुको पहिचान गरी संरक्षण गरिनेछ ।
७. समाजमा घट्ने अपराधिक गतिविधी न्युनीकरण गर्न जनतासँग प्रहरी कार्यक्रम संचालन गरिनेछ।

**सभाध्यक्ष महोदय**

**संघ संस्था**

१. यस गाउँपालिका क्षेत्र भित्र संचालन हुने सम्पूर्ण गैर सरकारी संस्था, संघ र प्रदेशको योजना तथा कार्यक्रमलाई नियमन अनुगमनमा जोड दिइनेछ ।
२. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु पूर्व अनिवार्य रुपमा गैरसरकारी संस्थाहरूले अनुमति लिनु पर्ने व्यवस्थालाई कानून निर्माण गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।
३. गैह्र सरकारी संस्थाहरूलाई कार्यक्रमको अनुमति दिँदा विकास र चेतनाको दृष्टिले पछि परेका वडा, क्षेत्रहरूमा समन्वय गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ । पालिका स्तरमा जनचेतनामूलक, रोजगारमूलक, सन्देशमूलक तालिमहरू संचालन गरिनेछ।

**खानेपानी तथा सरसफाई**

१. खानेपानीको उपयुक्त श्रोत पहिचानको लागि सम्भाव्यता अध्ययनको कार्यलाई अगाडि बढाइने छ ।



चौविसे गाउँपालिका

२. पानीको श्रोतको संरक्षण गर्न श्रोत वरिपरि वृक्षरोपण गर्न प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
३. प्रदेश सरकार र सरोकारवाला निकायहरुसँग छलफल तथा समन्वय गरी खानेपानीको समस्याको दीर्घकालीन समाधानका लागि वहुवर्षीय योजना बनाई क्रमागत वजेटको व्यवस्था गर्दै लगिनेछ ।
४. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी चौविसे गाउँपालिकाका ठूला ताल तलैयाबाट खानेपानी थप व्यवस्थापन तथा वितरणका लागि पहल गरिनेछ ।
५. गाउँपालिका भित्र खानेपानीको चरम अभाव भएका क्षेत्रहरूको पहिचान गरी संघीय, प्रदेश सरकारसँग समन्वय गरी लिफ्टिङ्ग लगायत अन्य खानेपानी आयोजनाको काम अगाडि बढाइनेछ।
६. लागत साझेदारीमा चौबिसेको खानेपानीको उपलब्धता र व्यवस्थापनमा जोड गरिनेछ ।
७. साना लिफ्टिङ कार्यक्रम संचालन गरी लघु खानेपानी योजनालाई प्राथमिकता दिइनेछ ।

**सभाध्यक्ष महोदय**

**पूर्वाधार, सडक, आवास, ढल व्यवस्थापन तथा सिचाई नीति**

१. गत आर्थिक वर्षमा हुन नसकेका योजनालाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइनेछ ।
२. स्थानीय सरकारको लागतमा राजारानी-मौनाबुधुक-बोधे-हंशमोरङ्ग ल्हाप्से-कुरुले र स्थानीय सरकार र प्रदेश सरकारको साझेदारीमा धाराचोक-अठारसय-लागार्चे-सुरुङ्गी जोड्ने बाटोलाई निरन्तरता दिइनेछ ।
३. प्राथमिकता प्राप्त सडकहरुलाई ग्राभेल तथा स्तरोन्नति गर्दै लगिनेछ साथै नयाँ तथा पुराना सडकहरुमा अनिवार्य रुपमा ढल निर्माणमा पहल गरिनेछ ।
४. चौविसे गाउँपालिका भित्रका मुख्य सडकहरुको मापदण्ड अनुसार घर, संरचना बनाउन सम्बन्धित समुदायहरूमा अनुशिक्षण लगायतको कार्यक्रम गरिनेछ ।
५. चौविसे गाउँपालिका भित्रका मुख्य सडकहरूको मापदण्ड अनुसारको सडकले चर्चेको जमिन लगत कट्टाको प्रक्रिया अगाडि बढाई जनतालाई एकिकृत सम्पत्ति करमा राहत प्रदान गरिनेछ।
६. आवश्यकता र औचित्यका आधारमा आयोजनाहरुलाई प्राथमिकता निर्धारण गरी कार्य गरिने छ ।
७. मुख्य सडकका चोक र बजारलाई थप व्यवस्थित गरिने छ ।
८. गाउँपालिका तथा मुख्य आवास/बजार क्षेत्रमा भवन निर्माण संहिता कार्यान्वयन गरिने छ ।
९. सडक निर्माण गर्दा गाउँपालिका भित्र निर्माणाधीन सडकको दिगोपनको लागि वायो_ईन्जिनियरिङ पद्धति अपनाइने छ ।
१०. ग्रामीण सडक ढल संरक्षण तथा मर्मतको लागि वडा स्तरीय संरक्षण समिति वनाई स्वयम् सेवा कार्यमा नागरिकलाई प्रेरित गर्ने नीति अवलम्वन गरिने छ ।

११. बजार क्षेत्रमा नाली तथा ढल व्यवस्थापनको लागि पहल गरिनेछ ।
१२. माग र आवश्यकताका आधारमा स_साना सिंचाई आयोजनाहरु निर्माण गरिने छ ।
१३. चौविसे गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन खेतियोग्य बाँझो जमिनमा सिंचाइ परियोजना संचालन गरिनेछ ।
१४. स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार स्थानीय जल उपभोक्ता समितिको संयुक्त लागत साझेदारीमा सात वटा कुलोहरूको मर्मत संभार र स्तरोन्नतिको कार्य सम्पन्न गरिनेछ ।
१५. सडक अतिक्रमण रोक्न अनुशिक्षण, होर्डिङ्गबोर्ड आदिको माध्यमबाट सरोकारवालाहरूलाई सुसूचित गरिने छ ।
१६. संघीय सरकारसँग समन्वय गरी फुसको छानो हटाउने कार्यक्रम निरन्तर दिइनेछ ।
१७. गाउँपालिका भित्रका ठूला ठूला योजनाहरु प्रदेश र संघीय सरकार सँग समन्वय गरी सम्पन्न गर्न पहल गरिनेछ ।
१८. गाउँपालिका स्तरीय औद्योगिक ग्राम निर्माणका लागि आवश्यक ७ नं. मा जग्गा प्राप्त भएसकेकोले यस वर्ष तत्काल प्रकृया अगाडि वढाइने छ ।
१९. पालिकाक्षेत्र भित्र भवन निर्माण आचार संहितालाइ कडाइका साथ लागु गर्न पहल गरिनेछ।
२०. टोल विकास संस्थासँग समन्वय गरी वर्षमा २ पल्ट अनिवार्य १ दिन श्रमदान गरी स्थानीय बाटो-घाटो तथा विद्युत लाइनहरुलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

**सभाध्यक्ष महोदय**

**विद्युत तथा संचार नीति**

१. ग्रामिण क्षेत्र भित्र विद्युतिकरणका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी पोल वितरण गर्ने तथा भएका काठको पोललाई विस्थापित गरी फलामे पोल राख्ने नीतिलाई निरन्तरता दिइनेछ।
२. गाउँपालिकामा विद्युतिकरणको कार्य पुरा गर्न नेपाल विद्युत प्राधिकरणसंग आवश्यक समन्वय गरिने छ ।
३. गाउँपालिकाले गरेका विकासका गतिविधिहरुलाई जनता सामु पुर्याउनको लागि वेवसाइट, फेसबुक लगायत सोसल मिडियाको अधिकतम प्रयोग गरिनेछ साथै एउटा सवारी साधनको व्यवस्था गरी साप्ताहिक रुपमा माइकिङद्धारा सूचना प्रवाह गरिनेछ ।
४. विद्युतिकरण नपुगेका वस्तीहरु तथा विपन्न वर्गलाई वैकल्पिक उर्जाको व्यवस्था मिलाइने छ।
५. स्थानीय पत्रकारहरुको क्षमता विकासका लागि कार्यक्रम संचालन गरिने छ ।

**सभाध्यक्ष महोदय**

**वन तथा वातावरण संरक्षण तथा सरसफाई नीति**

१. पूर्वाधार विकासमा वातावरण मैत्री अवधारणा लागू गरिने छ ।
२. सार्वजनिक जग्गाहरुको खोजी गरी उचित संरक्षण गरिनेछ ।

चौविसे गाउँपालिका

३. गाउँपालिका भित्रका मुख्य बजारहरूमा नियमित फोहोर मैला व्यवस्थापनको लागि डम्पिङ साइडको खोज गरी व्यवस्थापन गरिनेछ ।साथै प्लाष्टिजन्य बोतलहरु संकलन गरी पुनर्उपयोगका लागि सम्बन्धित ठाउँमा निर्यात गरिनेछ।
४. घर, कार्यालय, सार्वजनिक स्थलहरू सफासुघ्घर राख्न जनचेतनामूलक कार्यक्रम मार्फत् आम जनतालाई प्रोत्साहन गरिनेछ ।
५. गाउँपालिकामा नर्सरी बिरुवाको नर्सरी उत्पादन गरी सडक छेउछेउ, मुख्य सडक तथा ताल तलैया आसपास वृक्षारोपण कार्यक्रम गरिनेछ ।
६. विद्यालयमा वातावरणीय सचेतना कार्यक्रम संचालन गरिने छ ।
७. वन संरक्षण गर्न वृक्षारोपण तथा जलवायु अनुकुलन कार्यक्रम संचालन गरिने छ ।
८. सामुदायिक वन उपभोक्ता समूहहरुलाई क्रियाशिल वनाइने छ ।
९. सामुदायिक वनको स्वामित्व क्षेत्र भित्र रहेका जग्गा अतिक्रमणलाई रोक्न सम्वन्धित निकायसंग आवश्यक समन्वय गरी पहल गरिने छ ।
१०. सामुदायिक वनलाई पर्यटनसँग जोडिएर बढी भन्दा बढी आयमूलक काम गर्न अन्तरक्रिया कार्यक्रम गरिनेछ ।
११. स्थानीय रुपमा रहेका अस्थाइ बसपार्क हरुलाई थप ब्यबस्थित बनाउदै सार्बजनिक सवारीका यात्रुले गर्ने फोहोरलाइ ब्यबस्थित गर्न सवारी साधन भित्र फोहोर संकलन गर्ने भाडो राख्न अनिबार्य गरिने छ ।
१२. प्लाष्टिक तथा सिसामुक्त पालिका बनाउनको लागि आवश्यक कार्यको थालनी गरिनेछ ।
१३. आगलागीबाट वन जङ्गल जोगाउन वर्षमा ४ महिना सम्बन्धित उपभोक्ता समितिद्धारा वन हेरालुको व्यवस्था गर्ने व्यवस्था मिलाइनेछ ।
१४. बहु सरोकारवाला निकायसँग समन्वय गरी वातावरण संरक्षण कार्यक्रम गरिनेछ ।
१५. गाउँपालिका भित्र रहेका बजार क्षेत्रमा यात्रुहरुका लागि डस्वीनको व्यवस्था र विस्तार गरिनेछ।

**सभाध्यक्ष महोदय**

**बिपद व्वयस्थापन नीति**

१. विपद् व्यवस्थापन कोषलाई अझ थप गर्नको लागि राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधीहरुको १ दिनको सुविधा कटौती गरी कोषलाई बढोत्तरी गरिनेछ ।
२. बाढी तथा पहिरोग्रस्त क्षेत्रहरुमा तारजाली उपलब्ध गरी नियन्त्रणमा सहयोग पुर्याइनेछ ।
३. समुदाय तथा लक्षित समूहहरुलाई जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
४. सबै विद्यालयमा विपत जोखिम न्यूनीकरण र व्यवस्थापनको सचेतना तालिम सञ्चालन गरिने छ ।
५. जोखिममा परेका व्यक्तिहरुलाई आवश्यकता अनुसार राहत वितरण गरिने छ ।

६. विपद पछि उद्धारका लागि आवश्यक सामग्रीहरु खरिद गरी सबै प्रहरी चौकीहरुमा तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।

**सेवा प्रवाह तथा क्षमता विकास नीति**

१. स्थानीय तहबाट प्रदान गरिने दैनिक प्रशासनिक सेवाहरु चुस्त, दुरुस्त, छिटो, छरितो रुपमा मुस्कान सहितको सेवा उपलव्ध प्रदान गरिनेछ ।
२. नतिजामूलक अनुगमन तथा सुपरीवेक्षण, समिक्षात्मक सामाजिक परीक्षण, सार्बजनिक सुनुवाई, सार्बजनिक लेखा परीक्षण आदिको माध्यमबाट जवाफदेहिता, पारदर्शिता प्रवर्द्धन गरी नागरिकप्रति उत्तरदायी सरकारको वास्तविक आभास र अनुभूति जनतामा दिइनेछ ।
३. कर्मचारीलाई आबश्यक तालिम दिई अझ बढी सक्षम, योग्य र सवल बनाइनेछ ।
४. नागरिक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारता संस्थागत सुदृढीकरण गरिने छ ।
५. गाउँपालिकामा रहेका कार्यालयहरुबीच आपसी कार्यगत समन्वय स्थापित गरिने छ ।
६. गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालय र वडा कार्यालयहरूमा छिटो छरितो अनलाइन सेवा प्रवाहको लागि विद्युतीय शासन प्रणालीलाई अझ प्रभावकारी बनाइने छ ।
७. गाउँपालिकामा मोवाईल एप्स मार्फत् गाउँवासीहरुलाई सहज सेवा सुविधा र सूचना प्राप्त गर्ने वातावरण निर्माण गरिने छ ।
८. विकास निर्माणको कार्यलाई चुस्त-दुरुस्त एवं दिगो बनाउन नतिजामूखी अनुगमन, मूल्यांकन तथा निरीक्षणको कार्यहरू प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
९. गाउँपालिका भित्रका वडा कार्यालय र सेवाग्राही आम जनता बीचको दुरी घटाउन वडा एकिकृत घुम्ति सिविर तथा सम्बन्धित वडाहरुमै पुगि योजना संझौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
१०.यस पालिकावाट हुने सेवाप्रबाहको विषयमा आमनागरिकलाई जानकारी दिने उदेश्यले एकिकृत नागरिक कक्षको स्थापना गरिने छ ।
११.सबै वडा कार्यालय गाउँपालिकामा सोधपुछ शाखाको स्थापना गरी सेवा प्रवाहमा सेवाग्राहीलाई सहयोग गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने गाउँकार्यपालिकाका सदस्यज्यूहरू, विषय क्षेत्रगत समितिका पदाधिकारीहरू, कर्मचारी साथीहरू एवं सम्पूर्ण गाउँवासी दाजुभाई तथा दिदिबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, अनुपम संस्कृति हाम्रो शान,**
**उद्यमशील, समृद्ध, सुशासित चौविसे निर्माण हाम्रो साझा अभियान।"**

**धन्यवाद**